संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-१५
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : ११:३५ बजे
बैठक स्थगित : १२:३४ बजे
बैठक प्रारम्भ : १२:५० बजे
बैठक स्थगित : ०२:५१ बजे

२०८० जेठ २६ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको पन्ध्रौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ११:३५ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. हरि राम चौधरी
२. मा. देवेन्द्र दाहाल
३. मा. जितेन्द्र नारायण देव
४. मा. जयन्ती देवी राई
५. मा. कृष्ण प्रसाद पौडेल

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्रीले पेस गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै १६ मिनेटका लागि बैठक स्थगित भएको घोषणा गर्नुभयो।

तत्पश्चात्, १६ मिनेटका लागि स्थगित भएको बैठकको प्रारम्भमा नै माननीय खिमलाल देवकोटाले समय मागेर आफ्नो धारणा राख्दै वर्तमान बजेटले प्रादेशिक अधिकारलाई खुम्च्याएको र कतिपय आयोजनामा आवश्यक पर्ने बजेटको न्यून मात्रामा मात्र बजेट विनियोजन भएको बताउनुभयो।

तदुपरान्त, छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएका विषयका सम्बन्धमा जवाफ दिन माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई समय उपलब्ध गराउनुभयो र माननीय अर्थमन्त्रीले सभामा जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

१. मा. खिमलाल देवकोटा
२. मा. दिल कुमारी रावल थापा (पार्वती)
३. मा. भगवती न्यौपाने
४. मा. अनिता देवकोटा
५. मा. गोमा देवी तिमल्सिना
६. मा. रामचन्द्र राई
७. मा. मृगेन्द्र कुमार राय यादव
८. मा. भुवन बहादुर सुनार
९. मा. गोपाल कुमार बस्नेत
१०. मा. सुरेश कुमार आले मगर
११. मा. सोनाम गेल्जेन शेर्पा
१२. मा. गोपाल भट्टराई
१३. मा. तुलसा कुमारी दाहाल
१४. मा. जितेन्द्र नारायण देव

१५. मा. कमला पन्त

१६. मा. कुमार दसौदी

१७. मा. भैरव सुन्दर श्रेष्ठ

१८. मा. डा.विमला राई पौड्याल

तदुपरान्त, सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई माननीय सदस्यहरूले उठाउनु भएका जिज्ञासाका सम्बन्धमा स्पष्ट पार्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले स्पष्ट पार्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल असार १० गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव